# खेल्दै सिक्दै कार्यक्रम सञ्चालन कार्यविधि २०८०'

**नगर शिक्षा समितिबाट मिति २०८०/१०/१८ गते स्वीकृत**

## प्रस्तावना

विराटनगर महानगरपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयहरूमा पाठ्यक्रमले राखेका अपेक्षित सक्षमता हासिल गर्नका लागि विभिन्न क्रियाकलाप सञ्चालन गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्न तथा बालबालिकामा भएको सिर्जनात्मक क्षमता र प्रतिभालाई प्रष्फुटन गरी गुणस्तरीय शिक्षण सिकाइका लागि वाञ्छनीय भएकाले विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ (संसोधन समेत) को दफा ५१ ले प्रदान गरेको अधिकार प्रयोग गरी नगर शिक्षा समितिबाट यो कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइएको छ ।

## परिच्छेद : एक
## नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम '**खेल्दै सिक्दै कार्यक्रम सञ्चालन कार्यविधि २०८०'** रहने छ ।

(२) यो कार्यविधि नगर शिक्षा समितिबाट स्वीकृत भएको मितिबाट कार्यान्वयनमा आउनेछ ।

**२. परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

(क) महानगरपालिका भन्नाले विराटनगर महानगरपालिका सम्झनुपर्दछ ।

(ख) नगर शिक्षा समिति भन्नाले विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ को दफा १० बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

(ग) वडा कार्यालय भन्नाले विराटनगर महानगरपालिकाका उन्नाइस वटा वडा कार्यालयलाई सम्झनुपर्दछ ।

(घ) शैक्षिक प्रशासन महाशाखा भन्नाले विराटनगर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा सम्झनुपर्दछ ।

(ख) विद्यालय भन्नाले विराटनगर महानगरपालिका भित्र सञ्चालित सबै विद्यालय सम्झनु पर्दछ ।

## परिच्छेद : दुई

## खेल्दै सिक्दै कार्यक्रमको उद्देश्य

**३. खेल्दै सिक्दै कार्यक्रमका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :**

(क) बालबालिकामा रहेको अर्न्तनिहित प्रतिभाको प्रस्फुटन गराउनु

(ख)बालबालिकाको सामाजिक, बौद्धिक तथा संवेगात्मक सिपको विकास गर्नु,

(ग) राष्ट्रियताको भावना, समाजसेवाको भावना तथा परोपकारी भावना जागृत गर्नु

(घ) स्थानीय कला, भाषा, धर्म, संस्कृतिको संरक्षण र संवर्धन गर्नु

(ङ) विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक विकास गराउनु

(च) बालक्लब, स्काउट, जुनियर रेडक्रस इकाइ गठन गर्न प्रोत्साहित गर्नु

(छ) वातावरण संरक्षण तथा सरसफाइमा अभिप्रेरित गर्नु

(ज) नेतृत्व सीपको विकास गर्नु

## परिच्छेद : दुई

## खेल्दै सिक्दै कार्यक्रम सञ्चालन

३. विद्यालयले **हरेक हप्ताको मंगलबार** विद्यार्थीको सिर्जनात्मक क्षमताको विकास गर्न र शिक्षण शैलीमा नविनता ल्याइ सिकाइस्तर सुधार गर्नका लागि विद्यालयमा **'खेल्दै सिक्दै कार्यक्रम'** सञ्चालन गर्नुपर्नेछ ।

४. **'खेल्दै सिक्दै कार्यक्रम'** मा शिक्षक तथा विद्यार्थी दुवैले अनिवार्य रूपमा भाग लिनुपर्नेछ ।

५. विद्यालयले **'खेल्दै सिक्दै कार्यक्रम'** सञ्चालन गर्दा देहाय बमोजिम हुने गरी गर्नुपर्नेछ ।

(क) राष्ट्रियताको भावना जगाउने

(ख) सामाजिक सेवा तथा परोपकारी भावना जगाउने

(ग) स्थानीय कला, संस्कृति, परम्परा, वेषभूषाको संरक्षण, संवर्धन तथा जगेर्ना गर्ने

(घ) वातावरण संरक्षण तथा सरसफाइमा अभिप्रेरित गर्ने

(ङ) विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक विकास गराउने

(च) बालक्लब, स्काउट, जुनियर रेडक्रस इकाइ गठन गर्न प्रोत्साहित गर्ने

६. विद्यालयले **'खेल्दै सिक्दै कार्यक्रम'** सञ्चालनका लागि आवश्यकता अनुसार समितिहरू गठन गर्न सक्नेछ ।

७. **'खेल्दै सिक्दै कार्यक्रम'** सञ्चालन भएको दिनमा विद्यार्थीलाई पुस्तक ल्याउन अनिवार्य गरिने छैन ।

८. विद्यालयले खेल्दै सिक्दै कार्यक्रम न्यूनतम पाँच घण्टा सञ्चालन हुने गरी कार्यतालिका बनाइ कार्यान्वयन गर्नुपर्दछ ।

## परिच्छेद : तीन
## खेल्दै सिक्दै कार्यक्रमका विषय क्षेत्र र कार्यकलाप

९. विद्यालयले खेल्दै सिक्दै कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका विषय क्षेत्र तथा कार्यकलापमा आधारित भइ कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(क) नेपाली विषय

- हिज्जे लेखन
- श्रुतिलेखन
- वादविवाद
- वक्तृत्वकला
- कविता लेखन/वाचन
- कथा लेखन/वाचन
- अनु/अक्षर लेखन
- चिठी लेखन
- निबन्ध लेखन
- संवाद/अभिनय/नाटक
- हाजिरीजवाफ

(ख) अंग्रेजीविषय

- Spelling
- Debate
- Oratory
- Poem
- Speaking
- Story telling

(ग) गणित विषय

- हिसाव दौड
- म्याथक्वीज
- Puzzle
- रेखाचित्र
- डायग्राम

(घ) विज्ञान तथा प्रविधि

- विज्ञान प्रदर्शनी

- टिंकर समूह
- Inovation

(ङ) मेरो सेराफेरो/सामाजिक अध्ययन तथा जनसंख्या

- हाजिरीजवाफ
- वक्तृत्वकला
- समाचार लेखन/वाचन
- चित्र/चार्ट तयारी
- क्षेत्र भ्रमण/अध्ययन/ अवलोकन

(च) सङ्गीततथा नृत्य

- गायन प्रतियोगिता
- नृत्य प्रतियोगिता
- वाद्यवादन

(छ) अर्थशास्त्र

- रेखाचित्र
- डायग्राम
- हाजिरीजवाफ

(ज) विद्यालयमा अध्यापन हुने अन्य विषयमा आधारित कार्यकलापहरू

(झ) खेलकूदसँग सम्बन्धित कार्यकलापहरू

## परिच्छेद : चार

## खेल्दै सिक्दै कार्यक्रम सञ्चालनमा ध्यान दिनुपर्ने पक्ष

१० खेल्दै सिक्दै कार्यक्रम सञ्चालन गर्दा देहायका विषयलाई ध्यान दिएर सञ्चालन गर्नुपर्दछ :

(क) खेल्दै सिक्दै कार्यक्रमका लागि छनोट भएको विधा अर्न्तगतका क्रियाकलापहरू पाठ्यक्रमले राखेका सक्षमतामा आधारित हुनुपर्दछ ।

(ख) खेल्दै सिक्दै कार्यक्रमका लागि छनोट भएको विधा/क्रियाकलाप बालबालिकाको उमेर, रुची र क्षमतामा आधारित हुनुपर्दछ ।

(ग) खेल्दै सिक्दै कार्यक्रमले बालबालिकामा पर्याप्त मनोरन्जन प्रदान गर्न सक्नुपर्दछ ।

(घ) खेल्दै सिक्दै कार्यक्रम सञ्चालन गर्दा सबै बालबालिकाको समान सहभागिता हुनु पर्दछ ।

(ङ) खेल्दै सिक्दै कार्यक्रम सञ्चालन गर्दा स्थानिय स्रोत, साधन तथा सामग्रीलाई प्रयोग गर्नु पर्दछ ।

## परिच्छेद : पाँच

## विभिन्न सरोकारवालाहरूको भूमिका

**११. विद्यालयको भूमिका : खेल्दै सिक्दै कार्यक्रम सञ्चालनमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :**

(क) खेल्दै सिक्दै कार्यक्रम सञ्चालनका लागि विषयगत कार्यतालिका निर्माण गरी कार्यान्वयन गर्ने

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यकताअनुसार समिति तथा उप समिति निर्माण गरी परिचालन गर्ने

(ग) स्वीकृत कार्यतालिका बमोजिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसार शिक्षक, कर्मचारी तथा विद्यार्थी परिचालन गर्ने

(घ) महानगरपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने

**१२. वडा कार्यालयको भूमिका : खेल्दै सिक्दै कार्यक्रम सञ्चालनमा वडा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ :**

(क) आफ्नो वडा भित्र सञ्चालित विद्यालयमा खेल्दै सिक्दै कार्यक्रम सञ्चालनका लागि समन्वय तथा सहजीकरण गर्ने

(ख) वडास्तरीय योजना तथा कार्यक्रममा खेल्दै सिक्दै कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्थागर्ने

(ग) वडा भित्र सञ्चालित विद्यालयका विद्यार्थी, शिक्षक तथा सरोकारवालाहरूलाई खेल्दै सिक्दै कार्यक्रममा सहभागिताका लागि उत्प्रेरित गर्ने

(घ) वडा भित्र सञ्चालित विद्यालयमा खेल्दै सिक्दै कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन निरीक्षण गर्ने

**१३. शैक्षिक प्रशासन महाशाखाको भूमिका : खेल्दै सिक्दै कार्यक्रम सञ्चालनमा विराटनगर महानगरपालिका शैक्षिक प्रशासन महाशाखाको भूमिका देहाय बमोजिम हुनेछ :**

(क) खेल्दै सिक्दै कार्यक्रम सञ्चालनका लागि विद्यालयहरूसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने

(ख) खेल्दै सिक्दै कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोत तथा साधनको व्यवस्थापन गर्न महानगरपालिकालाई आवश्यक सहजीकरण गर्ने

(ग) खेल्दै सिक्दै कार्यक्रमको प्रभावकारिता सम्बन्धमा लेखाजोखा गर्ने

(घ) समय समयमा नगरस्तरीय प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्ने

(ङ) खेल्दै सिक्दै कार्यक्रम सञ्चालन सम्बन्धमा विद्यालयमा अभीमुखीकरण कार्यक्रम सञ्चालन गर्ने

(च) खेल्दै सिक्दै कार्यक्रम सञ्चालनका लागि विद्यालयहरूलाई आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने

## परिच्छेद : छ

## विविध

**१४. प्रतिवेदन तयारी र पेश :** सामुदायिक विद्यालयले खेल्दै सिक्दै कार्यक्रम सञ्चालन पश्चात अनुसूची १ बमोजिमको ढाँचामा प्रत्येक हप्ताको छुट्टा छुट्टै रुपमा प्रतिवेदन तयार पारी त्रैमासिक रुपमा शैक्षिक प्रशासन महाशाखामा पेश गर्नु पर्दछ ।

**१५. बाधा अड्काउ फुकाउ** : यस खेल्दै सिक्दै कार्यक्रम सञ्चालनगर्दा कुनै बाधा अड्चन आइ परेमा त्यस्तो बाधा अड्चन हटाउने अधिकार शैक्षिक प्रशासन महाशाखामा रहनेछ ।

**१६. संसोधन, परिमार्जन वाखारेजी :** यस कार्यविधिमा कुनै संसोधन, परिमार्जन वा खारेजी आवश्यक भएमा त्यस्तो अधिकार नगर शिक्षा समितिलाई रहनेछ ।

**अनुसूची १**

**खेल्दै सिक्दै कार्यक्रमको प्रतिवेदन ढाँचा**

१.विद्यालयको नाम :

२.ठेगाना :

३.सञ्चालित कक्षा :

४.इमिस नम्बर :

५.जम्मा विद्यार्थी संख्या :

६. कार्यक्रम सञ्चालन गरिएको मिति :

७ कार्यक्रममा सक्रिय रुपमा भाग लिएका विद्यार्थीको कक्षागत विवरण

| कक्षा | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

**६. शिक्षक दरबन्दी संख्या**

आधारभूत तह (कक्षा १-५) :

आधारभूत तह कक्षा (६-८) : (क) नेपाली.......... (ख) अंग्रेजी.......... (ग) गणित ........... ( घ) विज्ञान .......... (ङ) सामाजिक .............. (च) अन्य..............

माध्यमिक तह कक्षा (९-१०) : (क) नेपाली.......... (ख) अंग्रेजी.......... (ग) गणित ........... ( घ)विज्ञान .......... (ङ) सामाजिक .............. (च) अन्य..............

७.खेल्दै सिक्दै कार्यक्रम सञ्चालनको विवरण

| कक्षां | क्रियाकलाप | विषय क्षेत्र | कार्यक्रम सञ्चालन भएको समय अवधि | जिम्मेवारी | कार्यक्रम कार्यन्यवनका लागि गरिएका कार्यहरु | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि पेश भए बमोजिमका विवरण सही छन् ।

सिफारिस गर्ने

..................

कार्यक्रम संयोजक

नाम

मिति

मोबाइल

प्रमाणित गर्ने

..................

प्रधानाध्यापक

नाम

मिति

मोबाइल